वेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ मिति : २०७४ साल चैत्र २८

**भाग-२**

# वेनीघाट रोराङ गाउँपालिका

## निर्माण व्यवसायी नियमन कार्यविधि २०७४

**प्रस्तावना** : सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने व्यवसायी, फर्म /कम्पनको दर्ता र नविकरण र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) को खण्ड ६(१०) वमोजिम वेनीघाट रोराङ गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " वेनीघाट रोराङ गाउँपालिकाको निर्माण व्यवसायी नियमन कार्यविधि, २०७४" रहेकोछ ।

(२) यो कार्यविधि सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुन: निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) “निर्माण व्यवसायी” भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) “इजाजतपत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै निर्देशिका बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(घ) कार्यविधि” भन्नाले निर्माण व्यवसायी नियमन कार्यविधि २०७४ सम्झनु पर्छ ।

(ङ) “संगठित संस्था” भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(च) “प्राविधिक” भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार, प्रादेशिक तथा स्थानीय तह तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(छ) “गुणस्तर” भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धि व्यवस्था

**<u>३. इजाजतपत्र</u>** : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने “घ” वर्गका निर्माण व्यवसायीले अनुसुची १ वमोजिमको ढाचाँमा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले त्यस्तो दरखास्त उपर निम्नानुसार समितिमा जाँचबुझ गराई इजाजतपत्र दिन उपयुक्त देखिएमा प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

| | |
|---|---|
| (क) सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक | संयोजक |
| (ख) गाउँपालिकाको इन्जिनियर (वा सब इन्जिनियर) | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको अन्य एक जना कर्मचारी | सदस्य |
| (घ) गाउँपालिकामा कार्यरत लेखाको कर्मचारी | सदस्य |

(ङ) राजश्व शाखा प्रमुख सदस्य सचिव

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई गाउँपालिकाले तोकेको अनुसूची १ को ढाँचामा इजाजतपत्र दिइने छ ।

(४) समितिबाट सिफारिस भई आएको १५ दिनभित्र गाउँपालिकाले इजाजतपत्र वापत तोकिएको दस्तुर लिई इजाजतपत्र दिने छ । त्यस्तो इजाजतपत्र अनुसूची - २ वमोजिमको ढाँचामा अभिलेख राखी /अद्यावधिक गराई राख्नुपर्ने छ ।

४. **इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ७ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर तिरी प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिई तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नविकरण गराउन सक्नेछ ।

५. **इजाजतपत्र खारेजी** : (१) देहायको अवस्थामा समितिको सिफारिसमा गाउँपालिकाले निर्माण व्यवसायिको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण तथा तत्सम्बन्धि कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा २ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

**६. इजाजतपत्रको प्रतिलिपि दिने:** कुनै निर्माण व्यवसायीले गाउँपालिकाबाट प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा गाउँपालिकाबाट तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद - ३

## निर्माण व्यवसायीको दायित्व

**७. निर्माण व्यवसायीको दायित्व** : (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण सम्पन्न गरेको निर्माण कार्यको एकप्रति विवरण अनिवार्य गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३) "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

(क) प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

(ख) कर कार्यालयमा दर्ता भई मुल्य अभिबृद्धि कर प्रमाणपत्र लिएको ।

(ग) फर्मको नाममा खाता खोली रु. एकलाख जम्मा भएको बैंक भौचर ।

(घ) निम्न अनुसारको कर्मचारी हुनुपर्ने :

- *इन्जिनियर /सव इन्जिनियर* *१ जना*
- *लेखासम्बन्धी काम गर्ने* *१ जना*
- *प्रशासन सम्बन्धी* *१ जना*

(ङ) उपरोक्त तिनै जना कर्मचारीको योग्यता र नागरिकताको प्रमाणित छाँयाप्रति पेश गर्नु पर्ने ।

(च) फर्मका पूर्ण समय दिन्छु भनी तिनै जना कर्मचारीको करारनामा पेश गर्नु पर्ने ।

(छ) उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्ने, उक्त प्रमाण प्रमाणित हुनुपर्ने ।

(छ) उपकरण ठिक छ भनि प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियर एसोसियसनको सदस्यताको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

(ज) निम्न बमोजिमका उपकरणहरुको बिमा गरेको हुनुपर्ने ।

- लेबल मेसिन
- वाटर पम्प
- भाइब्रेटर

**७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८ बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची - १

(कार्यविधिको बुँदा ३ को (१) सँग सम्बन्धित)

**निर्माण व्यवसायीले इजाजत प्रमाणपत्र लिनका लागि पेश गर्नु पर्ने निवेदन**

**श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू**
**वेनीघाट रोराङ गाउँपालिकाको कार्यालय**
**विशालटार, धादिङ ।**

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)को खण्ड छ(१०) बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दस्तखत पेश गर्ने फर्म वा कम्पनीको
नाम :
ठेगानाः
पोष्ट बक्स नं: टेलिफोन नं :

२. फर्म वा कम्पनीको प्रकृति
☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी ☐ एकलौटी

(कुनै एउटा कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको अधिकारिक व्यक्तिको

नामथर:

ठेगाना: पोष्टवक्स नं

टेलिफोन नं: फ्याक्स नं इमेल:

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना

५. इजाजतपत्र लिन चाहेको वर्ग :

६. सामुहिकरण हुन चाहेको समुह :

७. आर्थिक श्रोतको विवरण

| **विवरण** | **रकम** | **वित्तिय संस्था (वैंकको नाम)** |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण

(क) प्राविधिक

(ख) अप्राविधिक

(ग) अन्य

९. यस अघि सम्पन्न गरेको कामको विवरण

| **सि.नं.** | **निर्माण सम्वन्धी कामको प्रकृति** | **काम गरेको साल** | **रकम** | **ठेक्कादाता कार्यालयको नाम** |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी टंकी तथा ढल निमाृण, पाईप विछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ्ग, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मिर्मत संभार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७. | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९. | अन्य | | | |

१०. करचुक्ता गरेको प्रमाण कागजातहरु :

क.                                                    ख.

ग.

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निर्माण व्यवसायीको छापः

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयको माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

## निर्माण व्यवसायी र कर्मचारीबीचको सम्झौता पत्र

म ................................................ श्री ............................................... फर्ममा मिति .................. देखि ........................ सम्म ......... पदमा गर्नेछु । मेरो शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल राजपत्रांकित अधिकृतवाट प्रमाणित गरी यसैसाथ पेश गरेको छु । म यस फर्ममा पुरा समय काम गर्नेछु । हाल म कुनै सरकारी वा संगठित सार्वजनिक संस्थामा कार्यरत छैन । ...................................... फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज .................................................. लाई ...................................... पदमा लगाउन मञ्जुर भई हामी दुवै पक्षवाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौ ।

| फर्मको तर्फवाट | कर्मचारीको तर्फवाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दरखास्त : | दरखास्त : |

९.	आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी मेशिनरी औजारको विवरण :

| सि.न. | नाम तथा विवरण | दता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | दर्ता भएको निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे. श्री .................................... सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा रहेको र तिनको उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने प्राविधिक

(मे.ई.)को सही :

पुरा नामथर :

कार्यालय :

मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ................................................ . सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

ठे. तर्फवाट प्राविधिक सिभिल ईन्जिनियर वा ओभरसियरको सही :

पुरा नामथर :

मिति :

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

**अनुसूची २**

**(कार्यविधिको बुँदा २ (२) सँग सम्बन्धित)**

**गाउँपालिकाबाटे "घ" वर्गका निर्माण व्यवसायीलाई दिइने इजाजत पत्र**

**वेनीघाट रोराङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**विशालटार, धादिङ ।**

**३ नं. प्रदेश, नेपाल**

**इजाजत-पत्र**

इजाजत पत्र नं.

वेनीघाट रोराङ गाउँपालिका वडा नं. ......... स्थित कार्यालय रही श्री ......... ..... .......... ........ ............. ............. ................ ......... ............ (हरु) को स्वामित्वमा रहेको ........................................................... फर्म/कम्पनीलाई स्थानीय तह संचालन ऐन २०७४ को दफा ११(२) को खण्ड छ (१०) बमोजिम निर्माण व्यवसाय गर्न इजाजत पत्र प्रदान गरिएको छ ।

**इजाजत पत्र दिनेको**
**दस्तखत :-**
**नाम :-**
**पद :-**
**कार्यालय :**

## नविकरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण दस्तुर बुझाएको भौचर नं. र मिति | फाँटवालाको दस्तखत | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची - ३

## गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने "घ" वर्गका निर्माण व्यवसायीलाई दिइने इजाजत पत्र सम्बन्धी दस्तुर

## (गाउँ सभाको निर्णयबाट स्वीकृत भए बमोजिम)

(क) इजाजतपत्र दस्तुर : १००००।-

(ख) इजाजतपत्र नविकरण दस्तुर: ३०००।- (आ.व. समाप्त भएको ३ महिना पश्चात १०% बिलम्ब शुल्क लाग्नेछ)

(ग) इजाजतपत्र प्रतिलिपि दस्तुर: २०००।-

(घ) आवेदन शुल्क रु : ५००।-

आज्ञाले,<br>
हर्ष बहादुर थापा<br>
प्रमुख प्रशासकीय अधिकृत